कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम चितवन

३ न प्रदेश नेपाल

## करारमा सेवामा कर्मचारी लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०१/१५)

कालिका नगरपालिकाका चितवनका लागि तपसिल बमोजिमको पदमा खुल्ला प्रतियोगितााद्वारा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले देहायको पद र सङ्ख्यागमायोग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिए बमोजिम राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित स बैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| वि.नं. | पद /तह | खटिनुपर्ने स्वास्थ्य सस्था | माग सख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ८/०७५-७६ | सूचना प्रविधि अधिकृत (IT Officer) / छैठौ सरह | कार्यपालिकाको कार्यालय | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट computer वा ICT वा सो सरहको कुनै एक विषयमा स्नातक (BIT/BIM/BBIS/BCA/BCIS/BEIT/BSc IT/ BSc CSIT/BE Electronics and Communication Engineering/ B Tech Electronics and Communication Engineering ) |
| ९/०७५-७६ | सब-इन्जिनियर/ सिभिल/ पाँचौ | कार्यपालिकाको कार्यालय वा वडा कार्यालय | ३ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा प्रमाणपत्र तह उतीर्ण वा सो सरह |
| १०/०७५-७६ | असिस्टेन्ट सव इन्जिनियर/ सिभिल/ चौथो | वडा कार्यालय | २ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा १५ महिने कोर्ष वा सो सरह |

**दरखास्तमा संलग्न गर्नुपर्नेकागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि तथा संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने,

३. अनुभवको प्रमाणित प्रतिलिपि,

४. प्रचलित नेपाल कानून बमोजिम काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि,

- उम्मेदवार १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनु पर्ने ।
- दरखास्त दस्तुरः सूचना अधिकृतको लागि रु. १,०००/- पाँचौ तहका लागि रु ५००।- तथा चौथो तहका लागि रु ३००।-
- कार्य विवरण र सेवाका शर्तहरु करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- माथि उल्लेखित वि.नं.८ देखि सि.नं. १० सम्म पदहरुका लागि नेपाल सरकारले समान तहका लागि तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ ।
- दरखास्त फाराम कालिका नगरपालिका कार्यालयको प्रशासन शाखाबाट लिन सकिने छ ।

**छनौट विधिः**

1. सूचना प्रविधि अधिकृत (IT Officer) को हकमा LGCDP कार्यक्रमले निर्धारण गरेको विधि अनुसार Short list र अन्तर्वार्ता । ***( यस अघि नगरपालिकाबाट मिति २०७४/०८/२९ गते प्रकाशित सूचना बमोजिम आवेदन दिएका उम्मेदवारहरु समेत छनौट प्रक्रियामा समावेश हुनेछना पुनः आवेदन दिनुपर्नेछैन )***

२. सव इन्जिनियर र असिस्टेन्ट सव इन्जिनियरको पदका लागि १०० पुर्णाङ्कको लिखित परीक्षा , ५० पुर्णाङ्कको अन्तर्वार्ता हुनेछ । अन्तर्वार्ताको अंक मध्ये शैक्षिक योग्यताको प्राप्तांक प्रतिशतका आधारमा बढीमा १५ अंक, अनुभवको लागि बढिमा ५ अंक (बढिमा पाँच बर्षका लागि दामासायीले ) स्थानीय वापत बढीमा १० अंक( सम्बन्धित नगरपालिकाको बासिन्दा भए १० , नगरपालिका बाहिर चितवन जिल्लाको बासिन्दा भए ५), समावेशी समूह बापत बढीमा ५ अंक (कुनै एक समावेशी समुहसँग सम्बन्धित भए २, कुनै दुई समावेशी समूहसँग सम्बन्धित भए ४ र सो भन्दा बढी समूहसँग सम्बन्धित भए ५) र अन्तरवार्ताको मुल्यांकन वापत १५ अंक विभाजन गरिएको छ ।

(यज्ञ पुरी )

प्रमुख प्रशासकीय अधिकृत